नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- 950

मितिः- २०७७/०८/३०

**विषयः- ग्रेड रकम मिलान सम्बन्धमा ।**

श्री मन्त्रालय/आयोग/सचिवालय, (सबै)
श्री मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, सबै प्रदेश,
श्री स्थानीय तह सबै (७५३)

अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) को च.नं. ७०० मिति २०७७/०८/२३ को ग्रेड मिलान सम्बन्धी पत्र आवश्यक कार्यान्वयनको लागि संलग्न राखि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७७/८/३०

..............................
उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

**बोधार्थः-**
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वजेट तथा कार्यक्रम महाशाखा)

visit Nepal 2020 Lifetime Experiences

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-०७७/७८ बि.ग्रे.प्रि.
च. नं.:-६००

मिति: २०७७/८/२६

विषय: ग्रेड रकम मिलान सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौ।

दर्ता नं.:- ३९०३ २०७७/८/२९

महालेखा नियन्त्रक कार्यालयको च.नं. २४ मिति २०७७।३।७ को पत्रानुसार कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय सरकार अन्तरगत समायोजन भई सोही मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरु संघीय सरकारको बढुवा विज्ञापन बमोजिम संघीय सरकार अन्तरगतका विभिन्न पदमा बढुवा भई संघीय कार्यालयमा कार्यरत रहँदा निजले समायोजन हुँदा प्राप्त गरेको दुई ग्रेड गणना गर्ने/नगर्ने सम्बन्धमा द्विविधा भएको हुँदा ग्रेड रकम मिलानका लागि अनुरोध भई आएको विषय पेश हुँदा देहाय बमोजिम गर्नु/गराउनु हुन र सोको जानकारी नेपाल सरकारका सबै मन्त्रालय/आयोग/सचिवालय तथा सबै प्रदेश र स्थानीय तहहरुमा समेत गराउनु हुन मिति २०७७।८।९ को निर्णयानुसार अनुरोध गर्दछु।

क) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय सरकार अन्तरगत समायोजन भई सोही मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरु संघीय सरकारको बढुवा विज्ञापन बमोजिम संघीय सरकार अन्तरगतका विभिन्न पदमा बढुवा भई संघीय कार्यालयमा कार्यरत रहँदा निजको समायोजन हुँदा प्राप्त गरेको दुई ग्रेड छुट्टै गणना गर्न नमिल्ने।

ख) बुँदा नं. (क) बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएको कुनै कर्मचारी प्रचलित कानून बमोजिम संघको विज्ञापनमा बढुवा भई संघीय कार्यालयमा कार्यरत रहँदा निजले बढुवा हुनुभन्दा पहिले खाइपाई आएको तलब र ग्रेड वापतको एकमुष्ठ रकमभन्दा बढुवा भएको पदको शुरु तलब स्केल रकम कम हुने भएमा प्रचलित कानून बमोजिम ग्रेड थप गरी तलब मिलान गर्ने।

**उदाहरण:**

समायोजन ऐन, २०७५ को दफा ७(४) बमोजिम सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणीको पदमा चार वर्ष सेवा अवधि पूरा भएको तर पाँच वर्ष अवधि नपुगेको कर्मचारी प्रदेश वा स्थानीय तहमा समायोजन हुँदा त्यस्तो कर्मचारी सहायकस्तर चौथो तहमा समायोजन हुने र खाइपाई आएको चार ग्रेड छ भने सोमा दुई ग्रेड थप हुने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम समायोजन भएका त्यस्तो कर्मचारीको शुरु तलब रु. २६६१०/- र जम्मा छ ग्रेडको (प्रति ग्रेड रु.८८७/-) रु. ५३२२/- गरी एकमुष्ट रु ३१९३२/- खाइपाई आएको तलब हुन्छ। त्यस्तो कर्मचारी प्रचलित कानून बमोजिम संघमा राजपत्र अनंकित प्रथम श्रेणीको पदमा बढुवा भएमा निजको बढुवा भएको पदको शुरु तलब स्केल रु. २८२००/- हुन्छ। यसमा बढुवा हुनुभन्दा पहिले खाइपाई आएको रु. ३१९३२/- भन्दा बढुवा भएको पदको तलवस्केल रु. ३७३२/- ले कम हुने भएकोले त्यसरी कम नहुने गरी ४ ग्रेड थप गर्दा प्रति ग्रेड रु. ९४०/- ले हुने रु. ३७६०/- थप गरी एकमुष्ट तलब रु. ३१९६०/- हुने गरी तलब मिलान गर्ने।

२०७७/८/२६
गोपालप्रसाद भट्टराई
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np